टेलिफोन : ४२११५६१, ४२११०७८
४२००८९८, ४२००८९५
फ्याक्स : ४२००७१८
टोल फ्रि नं. १६६००१०६६६६

# नेपाल सरकार
# गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- ०८१।८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४३५

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति २०८१।०२।३२
ने.सं.११४४ तछलाथ्व, अष्टमी

**बिषयः सेवा इकाईको व्यवस्थापन सम्बन्धमा।**

**श्री स्थानीय तह, सबै (७५३ वटा)।**

यस विभागद्वारा विश्व बैंकको सहयोगमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यलाई **व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS)** मार्फत व्यवस्थित गर्नको लागि सहयोग गर्न सबै स्थानीय तहहरुमा 'सेवा इकाई' सञ्चालनमा रहेको व्यहोरा विदितै छ। उक्त आयोजनाको अवधि मिति २०८१ असार १६ (सन् २०२४ जुन ३०) बाट समाप्त हुने र उल्लिखित प्रणालीलाई सुदृढ, संस्थागत तथा दिगो बनाउन सेवा इकाईलाई निरन्तरता दिन आवश्यक देखिएकोले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि लागत साझेदारी अन्तर्गत संघीय सरकारको वित्तीय हस्तान्तरण (सशर्त अनुदान) मार्फत बजेट प्रस्ताव गरिएको जानकारी गराउँदै देहाय अनुसार सेवा इकाई सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ।

**देहायः**

१. प्रत्येक स्थानीय तहले कम्तिमा एक जना एम.आई.एस.अपरेटर र एक जना फिल्ड सहायक रहेको 'सेवा इकाई' सञ्चालन गर्नु पर्नेछ,

२. हाल कुनै स्थानीय तहको सेवा इकाईमा एक भन्दा बढी एम.आई.एस.अपरेटर वा फिल्ड सहायक कार्यरत रहेको भएमा माथि बुँदा नं.१ बमोजिम हुने गरी निजहरु मध्ये कार्यसम्पादन तथा कार्यकुशलतामा उत्कृष्ट रहेका एम.आई.एस.अपरेटर र फिल्ड सहायकलाई निरन्तरता दिनु पर्नेछ,

३. भूगोल, जनसंख्या तथा कार्यबोझ अनुसार माथि बुँदा नं.१ मा उल्लेख गरिएको अतिरिक्त थप जनशक्ति (एम.आई.एस.अपरेटर तथा फिल्ड सहायक) को व्यवस्था सम्बन्धित स्थानीय तहले गर्न सक्नेछ, यसरी व्यवस्था गरिएको एम.आई.एस.अपरेटर वा फिल्ड सहायकको पारिश्रमिक लगायतको सम्पूर्ण सुविधाको लागि आवश्यक बजेट सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट व्यवस्था गर्नु पर्नेछ,

४. एम.आइ.एस.अपरेटर र फिल्ड सहायकलाई निजामती सेवाको क्रमशः राजपत्र अनङ्कित प्रथम श्रेणी र राजपत्र अनङ्कित द्वितीय श्रेणी सरहको शुरू तलब स्केल बराबरको पारिश्रमिक निज कार्यरत रहेको स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ,

५. सेवा इकाईमा रहने एक जना एम.आइ.एस.अपरेटरको लागि ६ महिनाको पारिश्रमिक, चाडपर्व खर्च र पोशाक भत्ता बापत हुन आउने रकम स्थानीय तहका एम.आइ.एस.अपरेटरको लागत साझेदारी अन्तर्गत संघीय सरकारले (आ.व.२०८१/०८२ को लागि आवश्यक बजेट वित्तिय हस्तान्तरण (सशर्त अनुदान) मार्फत क्रियाकलाप नं.२.५.७.४१, २.५.७.४३, खर्च शीर्षक नम्बर २६३३२ मा प्रस्तावित) र बाँकी ६ महिनाको पारिश्रमिक सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ,

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११४५१, ४२११९३८
४२००८१८, ४२००८९५
फ्याक्स : ४२००७१८
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति :.............................

६. सेवा इकाईमा रहने एक जना फिल्ड सहायकको लागि ६ महिनाको पारिश्रमिक, चाडपर्व खर्च र पोशाक भत्ता बापत हुन आउने रकम स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले (आ.व.२०८१/०८२ को लागि आवश्यक बजेट वित्तिय हस्तान्तरण (सशर्त अनुदान) मार्फत क्रियाकलाप नं.२.५.७.४२, २.५.७.४३, खर्च शीर्षक नम्बर २६३३२ मा प्रस्तावित) र बाँकी ६ महिनाको पारिश्रमिक सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ,

७. सेवा इकाईमा रहने एम.आई.एस.अपरेटर र फिल्ड सहायकको करार अवधि एक वर्षको हुनेछ,

८. कार्यसम्पादन सन्तोषजनक नभएमा करार अवधि पुरा हुनु अगावै सम्बन्धित स्थानीय तहले विभागको सहमति लिई निजहरुलाई सेवाबाट हटाउन सक्नेछ,

९. कुनै कारणले सेवा इकाईमा एम.आई.एस.अपरेटर तथा फिल्ड सहायक रिक्त भएमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम न्युनतम योग्यता पुगेका उम्मेदवारहरु मध्येबाट करारमा राख्न सक्नेछ,

१०. सेवा इकाईमा रहने एम.आई.एस.अपरेटर र फिल्ड सहायकको लागि आवश्यक न्युनतम योग्यता सम्बन्धी विवरण यसैसाथ संलग्न रहेको छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय, सिंहदवार, काठमाडौं।

## एम.आई.एस.अपरेटर र फिल्ड सहायकको लागि आवश्यक न्यूनतम योग्यता

एम.आई.एस.अपरेटर तथा फिल्ड सहायकको लागि देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछः

१. एम.आई.एस.अपरेटरको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई उच्च माध्यमिक तह उत्तीर्ण गरेको वा कम्तिमा प्रविणता तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको र फिल्ड सहायकको लागि कम्तिमा एस.एल.सि./एस.ई.ई.(SLC/SEE) वा सो सरह उत्तीर्ण गरेको,

२. दरखास्त दिने अन्तिम मिति सम्ममा उमेर अठार वर्ष पुरा भई चालिस वर्ष ननाघेको,

३. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

४. देहाय बमोजिमको ज्ञान र सिप भएकोः

(क) एम.आई.एस.अपरेटरको हकमा

(अ) देवनागरी लिपिमा युनिकोड र अंग्रेजी दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने,

(आ) Computer, Printer, Scanner, Multimedia लगायतका उपकरणहरुको प्रयोग गर्ने सीप भएको,

(इ) MS-Office Package (Word, Excel, Access, Power Point etc.) को प्रयोग गर्न सक्ने क्षमता भएको,

(ई) कार्यालय सञ्चालन तथा व्यवस्थापन सूचना प्रणाली सम्बन्धी आधारभूत ज्ञान भएको,

(उ) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी सामान्य जानकारी भएको,

(ऊ)ई-मेल, इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको,

(ऋ) कम्प्युटर मर्मत संभार सम्बन्धि सामान्य ज्ञान भएको।

(ख) फिल्ड सहायकको हकमा

(अ) सामाजिक परिचालन सम्बन्धी कार्यको अनुभव भएको,

(आ) सञ्चार दक्षता भएको,

(इ) अन्तरवैयक्तिक संवाद दक्षता भएको,

(ई) समूहमा काम गर्न सक्ने,

(उ) कम्प्यूटर सम्बन्धी आधारभुत तालिम लिएको

(ऊ) MS-Office Package (Word, Excel, Access, Power Point etc.) को सामान्य ज्ञान भएको,

(ऋ) ई-मेल, ईन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको।